JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २८ गते शुक्रबार ❑ 12 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

समृद्धिका लागि राजनीतिक स्थिरता र शान्ति आवश्यक- मन्त्री रायमाझी

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री टोपबहादुर रायमाझीले मुलुकको विकास र समृद्धिका राजनीतिक स्थिरता र शान्ति आवश्यक पर्ने बताएका छन् । कास्कीको रुपा गाउँपालिकाद्वारा स्थानीय तह स्थापनाका अवसरमा आयोजित मूल समारोहको बिहीबार उद्घाटन गर्दै उनले सरकार सबैखाले चुनौतीको सामना गर्दै अघि बढ्ने बताए।

मन्त्री रायमाझीले रुपा ताललाई रोजगारीको आधार बनाउनुपर्नेमा जोड दिँदै त्यसका लागि सरकारले चार अर्बको लागतमा रुपा परियोजना सञ्चालन गरिएको जानकारी दिए । 'समृद्ध नेपाल, सुखी नेपाली' अभियानलाई सफल बनाउन सबैको साथ र सहयोग आवश्यकपर्ने बताउँदै उनले सरकार सुख्खा जमीनमा सिँचाइको व्यवस्था गरेर उत्पादकत्व वृद्धिमा जोड दिँदै आएको छ भने।

पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य खगराज अधिकारीले रुपा परियोजनालाई बहुवर्षीय योजनाका रुपमा अघि बढाउनुपर्नेमा जोड दिँदै रुपा गाउँपालिकाको विकासमा आफ्नोतर्फबाट सक्दो सहयोग हुने प्रतिबद्धता व्यक्त गरे । गण्डकी प्रदेशसभा सदस्य एवं अर्थ तथा विकास समितिका सभापति दिपक कोइरालाले विकास निर्माण तथा विपद्का अवसरमा स्थानीय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए। नेपाल कम्युष्टि पार्टी एमाले कास्कीका अध्यक्ष एवं प्रदेशसभा सदस्य कृष्णबहादुर थापाले मुलुकको आवश्यकता र जनताको अपेक्षाअनुरुप तीनै तहका सरकार विकास निर्माणमा जुटेको बताउँदै विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोक्नका लागि स्थानीय तहले अतुलनीय भूमिका निर्वाह गरेको बताए।

रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले गाउँपालिकाले सडक, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषिलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर अघि बढेको बताउँदै चार वर्षको अवधिमा ८५ किलोमिटर बाटो स्तरोन्नतिका साथै कालोपत्र गरिएको जानकारी दिए। कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, सम्मानित स्रष्टा साहित्यकार एवं लेखक हरिहर खनाल, गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरुङ, नेपाली कांग्रेस रुपाका सभापति तुलबहादुर गुरुङलगायतले स्थानीय तहको भूमिका र महत्वमाथि प्रकाश पारेका थिए । सो अवसरमा रुपा गाउँपालिकामा जन्म भई स्वदेश एवं विदेशमा विभिन्न विधामा सफलता प्राप्त गर्नुहुने स्रष्टालाई सम्मान गर्नुका साथै गाउँपालिका स्तरीय झाँकी प्रदर्शन, अध्यक्ष कप भलिबल प्रतियोगता तथा माला प्रतियोगिताका विजयी टिम तथा खेलाडीलाई पदक तथा मेडलले सम्मान गरिएको थियो । मन्त्री रायमाझीले बिहीबार रुपाताल परियोजनाकोसमेत स्थलगत निरीक्षण गरेका थिए।

पोखरामा शिवरात्री मनाइयो

विश्व शान्तिको लागि नैतिक तथा आध्यात्मिक शिक्षा आवश्यक मन्त्री मगर

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

गण्डकी प्रदेशका भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्री लेख बहादुर थापा मगरले विश्व शान्तिको लागि नैतिक तथा आध्यात्मिक शिक्षा आवश्यक भएको बताएका छन्।

पोखराको नयाँबजारमा रहेको ब्रह्मकुमारी इश्वरीय विश्व बिद्यालय एवं राजयोग प्रशिक्षण केन्द्रले शिव रात्रि पर्वको अवसरमा विहिबार पोखरामा आयोजना गरेको ८५ औं महाशिवरात्री महोत्सव शिवध्वजारोहण एवं शान्ति शोभा यात्रा तथा स्नेह मिलन कार्यक्रमको उद्घाटन गर्दै मन्त्री मगरले विश्व शान्तिको लागि आधुनिक शिक्षाको साथमा नैतिक तथा आध्यात्मिक शिक्षा आवश्यक भएको बताएका हुन्।

उनले भने "विभिन्न किसिमले मानवले जीवनलाई वेतीत गरेका छन, आध्यात्मिक शिक्षा मानव विश्व शान्तिको निम्ति आवश्यक छ, मानसिक रुपमा स्वच्छ रहन भौतिक शान्ति सहित सांस्कृतिक, सामाजिक, आर्थिक र मनोवैज्ञानिक शान्तिको आवश्यक पर्छ ।" भौतिक शिक्षालाई आधुनिक ढंगले समेत प्रमाणित गर्नुपर्ने उनको धारणा रहेको छ । ओम शान्तिले समाजमा रहेका सवै समुदायलाई एकै थलोमा परिवारको रुपमा व्यवहार गर्ने गरेकोमा मन्त्री मगरले प्रशंसा गरे । उत्त कार्यक्रममा वोल्दै गण्डकी प्रदेशका सांसद मीना गुरुङले ओम शान्तिको निर्माण हुदै गरेको बहुउद्देश्य भवनको लागि ५१ हजार रुपैया आर्थिक सहयोग गरेकी छन् । उत्त रकम बराबरको चेक केन्द्रका निर्देशक राजयोगिनी ब्रह्कुमारी परिणीता दिदीलाई सांसद गुरुङले हस्तान्तरण गरेकी हुन् । उत्त कार्यक्रममा केन्द्र नयाँ बजारकी प्रमुख शोभा दिदी, केन्द्रका ब्रह्मकुमार शैलेसराज बराल लगायतले शान्तिको लागि आध्यात्मिक दर्शन आवश्यक भएकोमा जोड दिए । पोखराको नयाँबजार देखि सुरु भएको शोभा यात्रा महेन्द्रपुल हुदै नयाँबजारमा पुगेर समापन भएको थियो । शिव लिंग सहित विभिन्न झाकी समेत शोभा यात्रामा प्रर्दशन गरिएको थियो । ५ तले उत्त भवन निर्माणको काम सुरु भएको ब्रह्मकुमार शिशिर रेग्मीले बताए । १ सय सिट क्षमताको आवासीय सहितको भवन, १ हजार सिट क्षमताको सभाहल सहितको उत्त बहुउद्देश्य भवन निर्माण हुन लागेको उनले जनाए। २१ करोडको परियोजना २ बर्षमा सकिने गरी लक्ष्य राखेकोमा हालसम्म करिब १५ प्रतिशत जसो मात्र रकम संकलन भएको केन्द्रले जनाएको छ। पोखरा ११ फुलवारीमा करिब साँढे ३ रोपनी जग्गामा उक्त भवन निर्माणको काम सुरु भएको हो।

उत्त भवन निर्माणको क्रममा सहयोग उठ्नेमा आफुहरु विशोस्त रहेको रेग्मीले बताए । केही गोप्य दान समेत प्राप्त हुने भएको बताइन्छ । यसैबिच बिहीबार पोखरा क्षेत्रका शिव मन्दिरहरुमा दर्शनार्थीहरुको विहानै देखि दुध चढाउनेदेखि पूजाआज गर्नेहरुको भिड नै लागेको थियो । शिवका भक्तहरुले यस वर्षको शिवरात्री पर्व

बाँकी अन्तिम पृष्ठमा ▶▶

पिकअप दुर्घटना हुँदा एकको मृत्यु, पाँच घाइते

पोखरापत्र संवाददाता
बागलुङ, २७ फागुन

ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङ बजारदेखि तमानखोला गाउँपालिका-१ पैरातर्फ जाँदै गरेको ग१ज ५७०५ नंको पिकअप जीप दुर्घटना हुँदा एक यात्रुको ज्यान गएको छ भने पाँच गम्भीर घाइते भएका छन्।

दुर्घटनामा परी वडा नं २ की १४ वर्षीया मीना रसाइलीको मृत्यु भएको वडा नं १ का वडाध्यक्ष थमबहादुर रोकाले जानकारी दिए। घटनास्थलबाट उद्धार गरी स्वास्थ्य संस्था ल्याउँदै गर्दा रसाइलीको ज्यान गएको उहाँको भनाइ छ।

गम्भीर घाइतेमध्ये तीन जनालाई हेलिकोप्टरबाट उद्धार गरी थप उपचारका लागि पोखरा पठाइएको र बाँकी दुई जनालाई पठाउने तयारी भइरहेको छ । चालकसहित सात जना सवार रहेको उक्त पिकअप जीप आज अपराह्न वडा नं १ को महभीरमा दुर्घटनाग्रस्त भएको थियो । दुर्घटनामा एक जना सकुशल रहेको जनाइएको छ।

ट्र्याक्टरको टायर बोकेर गएको पिकअपले यात्रुसमेत चढाउँदा बढी भार भएपछि दुर्घटना भएको हुनसक्ने प्रत्यक्षदर्शीले बताएका छन्।

दुर्घटनालगत्तै प्रहरी र स्थानीयवासी घाइतेको उद्धारमा खटिएका थिए। दुर्घटनाको विस्तृत विवरण आउन बाँकी छ।

महारुद्र थानलाई पर्यटकीय गन्तव्य बनाइने

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

पोखरा महानगरपालिका-३३ बरपाण्डेथुमस्थित ३२५ वर्ष पुरानो महारुद्र थानलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन पहल थालिएको छ।

धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङलगायत हिमालका साथै पोखरा र लेखनाथका रमणीय तालसहित अन्य भूभाग एकसाथ अवलोकन गर्न सकिने सो ठाउँको प्रवर्द्धन र विकासका लागि पहल थालिएको हो । धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्दै यसलाई पर्यटकीय नगरी पोखराको अर्को महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न ऋषेश्वर भुवाइ (ऋतु) को अध्यक्षतामा महारुद्र पर्यटन प्रवर्द्धन समिति गठन गरिएको छ। समितिका उपाध्यक्षमा राधिका आचार्य, सचिवमा मनु कार्की, सहसचिवमा दीपेन्द्र आचार्य र कोषाध्यक्षमा केशवराज आचार्य रहेका छन् । समितिका सदस्यमा भोजराज शर्मा पौडेल, जगतराज आचार्य, गोविन्दराज लम्साल, गोपाल गुरुङ, कृष्णप्रसाद आचार्य, मीना भण्डारी र लीला नेपाली रहेका छन् । समितिले समाजका २५ उच्च प्रतिष्ठित व्यक्तिलाई सल्लाहकारका रूपमा चयन गरेको छ। महारुद्र थानको विशिष्ट ऐतिहासिक महत्व रहेको बताउँदै अध्यक्ष भुवाइले विभिन्न अध्ययन तथा अनुसन्धानबाट ३२५ वर्षअघि जुम्लाबाट आएका एक व्यक्तिले महारुद्रको शिलालाई झोलामा बोकेर ल्याई यहाँ स्थापना गरेको पाइएको जानकारी दिए। बरपाण्डेथुम र आसपासका सर्वसाधारणले आराध्यदेवका रूपमा परापूर्वकालदेखि पूजाआजा गर्दै आएको महारुद्र थानमा आगामी दिनमा शिव महापुराण लगाउँदै विशाल महारुद्रको मूर्तिसहितका संरचना निर्माण गर्ने दीर्घकालीन लक्ष्य लिइएको उनले बताए।

लामो समयसम्म सामान्यरूपमा शिला पूजा गर्दै आइएकामा विसं २०२५ मा सानो ढुङ्गाले छाएको मन्दिर स्थापना गरिएको र विसं २०५४ मा हालको मन्दिर निर्माण गरिएको जनाइएको छ।

पर्यटकीय विकासलाई लक्ष्य गरी गुरुयोजना तयार गर्न लागिएको र मन्दिरलाई शिव पाञ्चायनका रूपमा प्यागोडा शैलीमा निर्माण गर्ने, भ्यूटावर बनाउनेलगायत सोच रहेको समितिले जनाएको छ।

YAMAHA
Revs Your Heart
JAPANESE INNOVATION
FALGUN 27TH TO CHAITRA 4TH
SABHAGRIHA HALL, NEWROAD
महा EXCHANGE मेला
POKHARA'S BIGGEST EXCHANGE EVENT!
ITS TIME FOR YOU TO UPGRADE TO YAMAHA!
GUARANTEED ADDITIONAL RS.15,000/-
ON TOP OF MARKET VALUATION
-ANY BRAND, ANY CONDITION-
ON THE SPOT FINANCE
0% INTEREST
LOW DOWNPAYMENT
LOW EMI
SURE SHOT CASH DISCOUNT RS.10,000
FREE ACCESSORIES
FREE CHECKUP
ANY BRAND, ANY BIKE
STUNT SHOW
(2 PM - 5 PM)
DOOR PRIZES & DAILY QUIZZES
SABHAGRIHA HALL, NEWROAD, POKHARA
V.A.W. ENTERPRISES PVT. LTD.
061-536022, 9856032578,
9817154167, 9824199074

माछापुच्छ्रे गाउँपालिका जोड्ने प्रमुख सडक कालोपत्रे शुरु

पोखरापत्र संवाददाता

पोखरा, २७ फागुन

कास्कीको माछापुच्छ्रे गाउँपालिका र पोखरा महानगरपालिका जोड्ने प्रमुख सडक कालोपत्र गर्न शुरु गरिएको छ।

माछापुच्छ्रे गाउँपालिकाको ‘लाइफलाइन’ समेत रहेको पोखरा महानगरपालिका-२५ हेमजा-खानेपानी मुहान-लुम्रे-सिदिङ सडक खण्ड (मनिलाल मार्ग) कालोपत्रे गर्न शुरु भएपछि स्थानीयवासी खुशी भएका छन् । सडक निर्माणपछि माछापुच्छ्रे गाउँपालिकाका नौ वडाका स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुनेछन् ।

कूल १५ किमी ९०० मिटर सडक मध्ये ११ किमी कालोपत्रे र बाँकीमा ग्राभेलको काम भइरहेको हो । मेलबोटदेखि लुम्रेसम्म कालोपत्रे र ढलान हुनेछ भने घलेल क्षेत्रमा ग्राभेलको काम अघि बढेको छ । विसं २०५३ मा सो सडकखण्डको ट्र्याक खुलेकामा २५ वर्षपछि पक्की कालोपत्रे सडक निर्माण शुरु भएको हो। हाल सो सडक खण्डको लुम्रे, खोराकोमुख क्षेत्रमा धमाधम कालोपत्रे भइरहेको छ । यसैगरी मेलबोटदेखि मर्दीपुलसम्मको धेरै स्थानमा ढलानको काम सकिएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइअन्तर्गत रहेको जिल्ला आयोजना कार्यान्वयन एकाइ कास्कीका आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनीयर नवराज शर्माले बताए। उनका अनुसार हालसम्म आयोजनाको ८० प्रतिशत हाराहारीमा काम सकिएको छ। गत वर्ष पुस मसान्तभित्रमा निर्माण सम्पन्न हुनुपर्ने सडक निर्माण कम्पनीको ढिलासुस्ती र कोरोनाका कारण यही चैत मसान्तसम्मको म्याद थप गरिएको बताइएको छ। “थप गरिएको म्यादभित्र सडक सम्पन्न गर्नका लागि निरन्तर ताकेता गरिरहेका छौं, प्रत्येक दिन प्राविधिकहरूले साइट निरीक्षण गरिरहनुभएको छ”, आयोजना प्रमुख शर्माले भने, “घलेल क्षेत्रमा संरचनाको केही काम बाँकी छ, अन्यत्र कालोपत्र शुरु भएको छ।”

सडक स्तरोन्नति गरी कालोपत्र गर्नका लागि विसं २०७५ असार २९ गते निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको थियो । गत वर्ष पुस मसान्तमा सो सडक निर्माण भइसक्नुपर्नेमा निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक तोकिएको समयभित्रमा सम्पन्न हुन सकेन। आयोजनाको रु २६ करोड एक लाख लागतमा हिमदुङ एन्ड थोकर र ड्रागन जेभीसँग सडक निर्माण सम्झौता भएको थियो । कालोपत्रे सडक नालीसहित आठ मिटर फराकिलो हुनेछ । गाउँपालिकाका उपाध्यक्ष कृष्णकुमारी दवाडीले गाउँपालिकालाई पोखरासँग जोड्ने प्रमुख सडक भएकाले छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्नका लागि आवश्यक समन्वय र सहजीकरणको काम गरिएको बताए। गत वर्ष सम्पन्न हुनुपर्ने आयोजना ढिलाइ भएकाले निर्माणका क्रममा आइपरेका समस्या समाधान गर्दै कामलाई अघि बढाउन गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग भइरहेको उनको भनाइ छ।

यसैगरी गण्डकी प्रदेश सरकारको बजेटबाट माछापुच्छ्रे गाउँपालिकाको केन्द्र जोड्ने सडकको काम पनि हाल भइरहेको छ। पूर्वाधार विकास कार्यालयको रु १० करोड बजेटमा प्रदेश राजधानीबाट स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमअन्तर्गत सो सडकको काम अघि बढेको बताइएको छ।

प्रदेश खेलकुद परिषदको सदस्य सचिवमा पूर्व राष्ट्रिय खेलाडी गुरुङ र पूर्व खेलाडी अधिकारीको आवेदन

पोखरापत्र संवाददाता

पोखरा, २७ फागुन

गण्डकी प्रदेश खेलकुद परिषदको सदस्य सचिवमा दुई जनाको मात्र आवेदन परेको छ।

प्रदेशको सामाजिक विकास मन्त्रालयले यही फागुन २६ गतेसम्मको लागि एक हप्ताको समय सिमा राखेर प्रदेश खेलकुद परिषदको सदस्य सचिवमा तोकिएको योग्यता पुगेका इच्छुक उमेदवारहरुले निवेदन दिन आव्हान गरेकोमा दुई जनाको मात्र आवेदन परेको मन्त्रालयका युवा तथा खेलकुद महाशाखा प्रमुख तेजप्रसाद काफ्लेले बताए।

पूर्व राष्ट्रिय खेलाडी तेज बहादुर गुरुङ र पूर्व खेलाडी नवराज अधिकारीको मन्त्रालयमा परिषदको सदस्य सचिवको उमेदवारीको रुपमा निवेदन दिएका हुन्। नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष, दक्षिण एसियाली ह्याण्डवल महासंघका उपाध्यक्ष, भूतपूर्व खेलाडी मञ्च नेपालका अध्यक्ष सहित विभिन्न खेल संघहरुमा आवद्ध ह्याण्डवल खेलका पूर्व राष्ट्रिय टिमका कप्तान, प्रशिक्षक समेत रहेका गुरुङले ७ बुंदे आफ्नो कार्ययोजना सहित आवेदन दिएका छन्। २०४० सालमा पोखरामा भएको बृहत खेलकुदमा ह्याण्डवलमा स्वर्ण पदक हात पार्ने सफल गुरुङ मित्र राष्ट्र जोड्नमा सन् १९८८ मा भएको चौथो एसियन च्याम्पियनशिप सहभागि भएका थिए भने ४ बर्षसम्म नेपाली ह्याण्डवलको कप्तान सम्हालेका थिए । २६ वटा राष्ट भ्रमण गरेका गुरुङले मन्त्रालयले माग गरे अनुसारको आवश्यक डकुमेन्ट पेश गरेको उल्लेख गरे । उत्कृष्ट खेलाडी उत्पादनमा जोड जसमा ७ वटा कार्यक्रमहरु पेश गरेका गुरुङले सवैको लागि खेलकुदमा ६ वटा कार्यक्रम समेटेका छन् । त्यसै गरी शिक्षा र खेलकुदमा ५ कार्यक्रम, श्रोत परिचालन जसमा ६ कार्यक्रम, सुसासन, क्षमता अभिबृद्धि र पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरु आफ्नो कार्ययोजनामा पेश गरेको पूर्व राष्ट्रिय खेलाडी गुरुङले जनाए।

गाँउ पर्यटन प्रबर्द्धन मञ्च नेपाल गण्डकी प्रदेशका अध्यक्ष एवं पूर्व क्षेत्रिय स्तरका भलिवल खेलाडी अधिकारीले ३० बुंदे आफ्नो भावी कार्ययोजना समेत मन्त्रालयमा सदस्य सचिव पदको लागि आवेदन दिएको बताए । आफु पूर्व भलिवलको खेलाडी भएको र मन्त्रालयले माग गरे अनुसारको योग्यता पुगेको हुदा आफ्ले खेलकुदलाई स्वास्थ्य, पर्यटनसंगै जोडेर अघि सार्ने गरी कार्ययोजना पेश गरेको उनले जनाए । खेलाडीहरुको जीवीको पार्जन गर्न, बार्षिक रुपमा करिब ५ सय खेलाडी उत्पादन गर्न, प्लस टु पास गर्ने ले कुनै एक खेलकुद बिषयमा समेत अध्ययन गर्नुपर्ने, मनाङ र मुस्ताङमा हाइ अल्टिच्यूट खेलकुद ट्रेनिङ सेन्टर स्थापना गर्ने, मुख्यमन्त्रीसंग खेलकुद, खेलकुद भ्रमण बर्ष मनाउने, प्रदेशमा खेलकुद स्कुल स्थापना गरी सवै खेलकुदको एकेडेमी स्थापना गर्ने लगायतको योजना रहेको अधिकारीले जनाए। खुल्ला प्रतिष्प्रर्धा भएकोले गर्दा प्रदेश सदस्य सचिवको लागि आवेदन दिएको बताएका अधिकारीले आफु भन्दा योग्य व्यत्ति छनौट भएमा पनि उसलाई आवश्यक सहयोग गर्ने जनाए।

नागरिकलाई रोग लाग्नै नदिने गण्डकी प्रदेश सरकारको प्राथमिकता

पोखरापत्र संवाददाता

म्याग्दी, २७ फागुन

गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री नरदेवी पुनले नागरिकलाई रोगबाट बचाउन प्राथमिकता दिइएको बताएकी छन्।

बेनी अस्पताल परिसरमा स्थापना भएको औषधि बिक्री कक्षको भवन, अक्सिजन उत्पादन केन्द्र र स्त्रीरोगसम्बन्धी शिविरको आज उद्घाटन गर्दै नागरिकलाई रोग लाग्नै नदिन प्रदेश सरकारले विभिन्न कार्यक्रम ल्याएको बताएकी छन्।

मन्त्री पुनले सचेतना फैलाएर नियमित स्वास्थ्य परीक्षणका साथै प्रमुख स्वास्थ्य चुनौतीका रुपमा देखिएको मुटु, मिर्गौला, अर्बुदरोग, रक्तचापजस्ता रोग लाग्न नदिन र आपत्कालीन अवस्थामा जीवन बचाउने उपाय सिकाउन सरकारले समुदायस्तरमा सचेतनामूलक कार्यक्रम पुऱ्याएको बताएकी छन् । ‘क्यान्सर, मिर्गौलाजस्ता रोगका बिरामीलाई सरकारले उपचारका लागि रु एक लाख दिने गरेको छ’, उनले भनिन्, ‘प्रदेश सरकार नागरिकलाई त्यस्ता रोग नै नलागोस् भनेर विद्यालय, स्वास्थ्य संस्था र समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम गर्न लागेको छ।’ प्रदेश सरकारको सहयोगमा ट्रेड युनियन महासङ्घको बेनी नगर कमिटीले मजदूर महिलालाई लक्षित गरेर एकदिने पाठेघरको मुखको क्यान्सर पहिचान गर्ने निःशुल्क शिविर आयोजना गरेको हो । परीक्षणका क्रममा तीन वर्षपछिसम्म पाठेघरको मुखमा क्यान्सर हुने खतरा छ छैन भन्ने पहिचान गर्न सकिने बेनी अस्पतालका चिकित्सक गोपाल कँडेलले बताए।

कैवाल्य र लेकसिटी कलेजका विद्यार्थीको सहयोग धादिङमा

पोखरापत्र संवाददाता

पोखरा, २७ फागुन

गैर-सरकारी संस्था कैवाल्य फाउन्डेशन र पोखरामा सामाजिक कार्य अध्ययनरत विद्यार्थीको समुहले आइतबार धादिङको बेनिघाट-रोराङ गाउँपालिका स्थित गोइराङ आधारभूत विद्यालयलाई शैक्षिक तथा खेलकुद सामाग्री हालै हस्तान्तरण गरेको छ।

सहयोग हस्तान्तरण गर्नेमा कैवाल्यका पोखरा प्रतिनिधि उम्मीद शाक्य, फोटोग्राफर सुवाश कार्की र लेकसिटी कलेज एण्ड रिसर्च सेण्टर पोखरा-४, गैह्रापाटनमा स्नातक तह सामाजिक कार्य प्रथम वर्षमा अध्ययनरत बसन्त पहारी र सुजता ढकाल सहभागी थिए । कैवाल्य फाउन्डेशनको उद्देश्य शैक्षिक कार्यक्रम मार्फत सीप विकासमा बालवालिका, युवा र महिलाहरूलाई प्रशिक्षण र सहयोग गर्नु हो।

कार्यक्रममा ५५ दर्जन कापी, ४४ प्याकेट कलम, २० प्याकेट पेन्सिल, ११ प्याकेट इरेजर, ११ प्याकेट कटर, २ थान भलिबल, ५ थान स्किपिङ र २ थान चेस विद्यालयलाई हस्तान्तरण गरिएको थियो। चेपाङ समुदायको बाहुल्यता रहेको गोइराङमा मगर र गुरुङ जातिको पनि उल्लेखनीय बसोबास छ । आर्थिक अभाव र घरेलु समस्याका कारण बिच्चैमा पढाई छोड्नुपर्ने बाध्यता रहेको समुदायमा पोखराबाट गएको समुहले प्रदान गरेको सामाग्रीले केही हदसम्म भएपनि विद्यार्थीहरुमा हौसला बढ्ने विद्यालयका सहप्रध्यानाध्यापक नाराएण कंडेलले भने। उनले भने, “विशेष गरि चेपाङ समुदायमा आर्थिक समस्याले गर्दा विद्यार्थीहरुमा पढाईलाई निरन्तरता नदिइकन ज्याला मजदुरीमा लाग्नु पर्ने बाध्यता रहेको छ। सरकारी स्तरबाट निशुल्क किताब र शिक्षाको व्यवस्था हुन्छ तर खानलाउन गाह्रो पर्ने समुदायमा ड्रेस र स्टेसनरी सामानको जोहो गर्न पनि यहाँको पारिवारिक अवस्था नाजुक छ। विभिन्न समयमा यसरी प्राप्त हुने सहयोगले नै विद्यार्थीहरुमा सकारात्मक उर्जा थप्ने गरेको छ।”

बेगनासताल प्रवर्द्धन गर्न अभियान समूह गठन

पोखरापत्र संवाददाता

पोखरा, २७ फागुन

“हामी र हाम्रो शान, वेगनास ताल हाम्रो आँगन” भन्ने नाराका साथ हाम्रो वेगनास ताल, राम्रो बेगनासताल प्रवर्द्धन अभियान समूह गठन भएको छ।

तालैतालको शहर पोखराको लेखनाथमा रहेको वेगनासको सौन्दर्यमा थप निखार ल्याएर प्रवर्द्धन गर्ने उद्देश्यसहित अभियान समूह गठन भएको हो । तालको संरक्षण सम्वर्द्धन र प्रवर्द्धनका लागि विभिन्न उमेर समूहका क्रियाशील व्यक्तिको भेलाले नवराज ओझाका संयोजकत्वमा प्रवर्द्धन तदर्थ समिति गठन गरेको हो। अभियानको तदर्थ समितिका सदस्यमा बुद्धिप्रसाद सुवेदी, महेश पौडेल, प्रकाश लामिछाने, रमेश बञ्जारा, केशव आचार्य, विनोद थापा, गोविन्द जलहारी, हरिबहादुर थापा, सुरेन्द्रबाबु तिवारी, रामबहादुर रानाभाट, निराजन बराल, रोशन खनाल र नवराज सापकोटा तथा सल्लाहकारमा डा इन्द्र तिवारी, डिल्लीरमण तिवारी, कृष्णप्रसाद ढुङ्गाना, ध्रुवनाथ अधिकारी र दुर्गाप्रसाद अधिकारी रहेको सदस्य सापकोटाले जानकारी दिए । “पोखरा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकमध्ये थोरै मात्र वेगनास ताल घुम्न आउने गरेका छन् । कतिलाइ त यो सुन्दर तालका बारे थाहा नै छैन । तसर्थ यसको प्रचारप्रसार र प्रवर्द्धनका लागि अभियान समूह गठन गरिएको हो”, संयोजक ओझाले भने।

समूहले वेगनासमा पर्यटक भित्र्याउन र बसाइ लम्ब्याउन विभिन्न निकायसँग छलफल र अन्तरक्रिया तथा बृहत्तर वेगनासको विकासका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गरिने उनले जानकारी दिए। भेलाले तदर्थ समितिलाई विधान तयारी, संस्थाको आगामी उद्देश्य, बेगनास र वरिपरिको क्षेत्रको पर्यटन प्रवर्द्धन र सामाजिक क्रियाकलापका विषयमा योजना बनाउन स्वीकृति दिएको छ। पोखराको लेखनाथमा अवस्थित सा ताल ३.७३ वर्ग किलोमिटर (३७३ हेक्टर) छ । साढे सातदेखि १०.६ मिटर गहिराइ भएको तालमा २०४४ सालमा बाँध बाँधिएपछि क्षेत्रफल २२० हेक्टरबाट बढेर ३७३ भएको सदस्य सापकोटाले जानकारी दिए । त्यसैगरी वेगनासताल युवा क्लबले शुरु गरेको बृहत् वेगनास ताल सफाइ अभियानको ९२ औं शृङ्खला पुगेको छ। क्लबले हरेक हप्ता सदस्य र विभिन्न सङ्घसंस्था सफाइ अभियानकर्मीका साथमा तालका वरपर सरसफाइ गर्दै आएको छ।

पोखरामा...

धुमधुमसँग बनाए भने विहिबार साँझदेखि बेलुकासम्म चौतारामा तथा शिव मन्दिर नजिक शिव धुनी लगाउने प्रचलन रहेको छ।

यस वर्ष पनि पोखरामा करिब एक करोड भन्दा बढी उखु भित्रिएको व्यवसायीहरु बताउछन्। शिव धुनी लगाउने र उखु पट्काउने समेत गर्दै आएको पाइन्छ।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Admission Open
Commercial Cooking
Diploma in Culinary arts
F & B Service (Waiter/ Waitress)
Barista (Coffee Making)
Bakery and Confestnary
Indian/ Chinese/ Continantal Cooking
Japanese Cusisine (Sushi Making)
and Many More ....
Everest Institute of Hotel Management
Mahendrapool, Pokhara, Kaski
Opposite of Aannapurna Supermarket
☎ 061-536158, 9846038664
www.eihm.com.np
info@eihm.com.np

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्बार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

सम्पादकीय

सरकारको स्थायित्व खोज

सर्वोच्च अदालतको फैसलाले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को एकता खारेजसँगै सरकारको निरन्तरतामा प्रश्न खडा भएको छानेपाल कम्युनिस्ट पार्टी पहिल्यै दर्ता भएको हुँदा नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर नेकपा दर्ता गर्ने निर्वाचन आयोगको निर्णय बदर भएको छ। प्रतिनिधि सभामा बहुमतमा रहेको दल एकता अघिको अवस्थामा पुगेको छानेकपा एमाले र माओवादी केन्द्र पहिल्यैकै अवस्थामा पुग्दा सरकार गठबन्धनको हुन पुगेको छ। सरकारबाट माओवादी केन्द्रले समर्थन फिर्ता नलिए पनि कुनै पनि बेला फिर्ता लिने अवस्थामा छानेकपा एमाले नेतृत्वको सरकारको निरन्तरताको लागि प्रतिनिधि सभाको चौथो दल जनता समाजवादीसंग छलफल बाक्लो बनाएको छ।

नेकपा एमालेलाई बहुमतको लागि जसपाले समर्थन गरे पुग्छाएमालेलाई बाहिर राखेर सरकार बनाउन नेपाली काङ्गेस ,माओवादी केन्द्र ,जसपा मिल्नु पर्छ। नयाँ सरकार निर्माण वा सरकारको निरन्तरताको लागि जसपा निर्णायक देखिन्छ। जनता समाजवादी पार्टीको माग सांसद रेशम चौधरीको रिहाइ, मधेस आन्दोलनका बेला लागेका मुद्दा फिर्ता र संविधान संशोधन रहेका छन। जसपाले जस्ले माग पुरा गर्ने ग्यारेन्टी दिन्छ उसैलाई समर्थन गर्ने संकेत गरेको छामुद्दा फिर्ता र रिहाइको लागि नयाँ बन्ने सरकारले सकेपनि संविधान संशोधन गर्न एमालेको समर्थन विना संभव छैन।

काङ्गेस र जसपाको आधार क्षेत्र एउटै भएको हुँदा काङ्गेसको नेतृत्वमा जान त्यति सजिलो छैन। पछिल्लो समय केपी शर्मा ओलीको सरकारले तराईका विकासका महत्त्व दिएको छ। हुलाकी सडक, राजमार्गको स्तरोन्नति, सिचाइ, रेल, कृषिमा आधुनिकीकरण, जिल्ला सदरमुकामका सडकको सुधार, विपन्नलाई आवास जस्ता कार्यक्रम तराईमा परेका छन। केन्द्र सरकार र प्रदेश सरकारको लय मिलाउनुपर्छ भन्ने मत पनि बढ्दै गएको छ। सबैभन्दा ठूलो दललाई बाहिर राखेर मिलिजुली सरकारले स्थायित्व दिनसक्ने वातावरण बनेको छैन।नयाँ सरकार बन्नु भनेको आलोपालो प्रधानमन्त्री बनाउने पहिल्यै असफल खेल हो। दलका मुद्दा फरकफरक बोकेर सरकार राम्ररी चलाउन सकिदैन।

एक वर्ष पछि स्थानीय तहको निर्वाचन हुनेछ। स्थानीय तहको निर्वाचनको मुखमा सरकार फेरिएको विगतको तितो सबैले देखेका र भोगेका छन। सरकार बनाउन सहज हुने दलहरु बीचको गठबन्धन अहिलेको आवश्यकता हो। एउटैकम्युनिस्ट पार्टी बन्ने अवस्था नभए पनि बामपंथी दलको गठबन्धनको देखावटी प्रयास हुनुपर्छ। अर्को चुनावमा बामपंथी तालमेल हुनसक्ने संभावना रहेको छाचुनावमा तालमेल हुनसक्छ भने सरकार पनि मिलाएर लैजान सकिन्छ। क्षणिक आक्रोश भए पनि अन्तिममा बामपंथी मिलेर जान सकिने विचार धेरै नेताहरूको छ। सरकार चलाउन कस्तो संयन्त्र बनाउने भन्नेमा सहमत भए सरकारलाई निरन्तरता दिन सकिन्छ। राजनीति संभावनाको खेल हो भन्ने गरिन्छ।

तपाईको आज

मेष	: ब्यापारमा लाभ	तुला	: सत्कार मिल्नेछ
वृष	: शत्रुको भय	वृश्चिक	: सहयोग मिल्नेछ
मिथुन	: कार्यमा सफलता	धनु	: मन चञ्चल
कर्कट	: शारिरीक झमेला	मकर	: मानसिक तनाब
सिंह	: आर्थिक समस्या	कुम्भ	: अप्रत्यसित लाभ
कन्या	: झमेला बड्ने	मीन	: सम्मान मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा

रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तुः बिक्रीमा छ।

सम्पर्कः
९८४७६६१७३५

बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

छायाँक्षेत्र मन्दिर एकवर्ष पछि चहलपहल

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २७ फागुन

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ संक्रमणको उच्च जोखिमका कारण वन्द रहेका धार्मिक मठ मन्दिर नेपाल सरकारले खुला गरेपछि पहिलो पटक स्याङ्जाका मठ मन्दिरमा भिडभाड देखिएका छन्। झण्डै एक वर्षदेखि सुनसान रहेका स्याङ्जाको प्रसिद्ध छायाँक्षेत्र मन्दिरमा विहिवार महाशिवरात्री पर्वको दिन निकै भिडभाड देखियो। विगतका वर्षहरुमा मेलाको रुपमा पाँचदिन सम्म मनाइने महाशिवरात्री पर्व यसवर्ष भने एकदिन मात्र मनाउने निर्णय गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पिताम्वर श्रेष्ठले वताए। लामो समय लकडाउनका कारण घरमै बसेका मानिसहरु विस्तारै जनजिवन सामान्य वनाउदै लगेको वेला महाशिवरात्रीको अवसरमा दर्शन गर्न आउने भक्तजनको भिड विगतको तुलनामा कम रहेपनि आफ्नो स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर मन्दिर दर्शनको व्यवस्था मिलाइएको उनले जानकारी दिए।

जिल्ला मात्रै नभएर गण्डकी प्रदेशककै महत्वपूर्ण धार्मिक स्थल छायाँक्षेत्र मन्दिरमा महाशिवरात्रीमा उक्त मन्दिरमा हरेक वर्ष हजारौं दर्शनार्थीले स्नान गरी भगवान शिवजीको दर्शन गर्ने परम्परा रहेको छ। यसवर्ष अन्दाजी दश हजार दर्शनार्थीले मन्दिरमा प्रवेश गरी भगवान शिवको पुजा आरधना गरेको मन्दिर व्यवस्थापन समितीले जानकारी दिएको छ। मन्दिर व्यवस्थापन समितीले यसवर्षको शिवरात्रीमा मन्दिरमा सहजरुपमा स्नान गर्ने व्यवस्था मिलाइएको जनाएको छ। भक्तजनलाई छिटो दर्शन गर्न रु १ सय को टिकट काटेर मन्दिर प्रवेशको व्यवस्था मिलाइएको जनाएका छन्। श्रीस्वस्थानी वर्त कथामा भनिए अनुसार भगवान शिवले पहिलो बिबाह गरेका सतिदेवीको स्वर्गारोहण भएपछि अर्ध पागलको रुपमा सतीदेवीको मृत शरिर लिएर हिँडदा हिँडदै गलेको शरिरको अन्तिम अंग खसेको धार्मिक बिश्वासका साथ छायाँक्षेत्र मन्दिरमा भक्तजनको भिड लाग्ने गरेको छ। छायाँक्षेत्रमा शिवजीका एतिहासिक ढुँगाका मुर्तिहरु देख्न पाइन्छ भने छायाँक्षेत्र परिसरमा रहेको सुरुङ जहाँवाट नियमित जलधारा आउने गर्छ, त्यो सुरुङमार्ग नेपालको सवैभन्दा लामो सुरुङमार्ग रहेको स्थानियबासीहरु बताउछन। जसका कारण आन्तरिक तथा वाह्रय पर्यटकहरु समेत उक्त स्थानमा आउने गर्दछन। एक बर्षपछि दर्शन गर्न पाइएको छायाक्षेत्र मन्दिरमा जिल्ला र जिल्लाभन्दा बाहिरी जिल्लाका धार्मिक भक्तजनहरु दर्शन गर्न आएका थिए। यसैगरी महाशिवरात्री पर्वको अवसरमा जिल्लाका अन्य प्रसिद्ध धार्मिक स्थल रामनदी धाम राम्दी, सेतीवेणी, केलादीघाट, केदारनाथ मन्दिर, पंचासेधाम लगायतका धार्मिक मठ मन्दिरमा भक्तजनहरुको उत्साहजनक उपस्थिती रहेको थियो।

पुनहिलमा दृश्य अवलोकनस्थलसहितको आश्रयस्थल

पोखरापत्र संवाददाता
म्याग्दी, २७ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल पुनहिलमा दृश्य अवलोकनस्थलसहितको आश्रयस्थल निर्माण भएको छ। समुद्री सतहदेखि तीन हजार २१० मिटरको उचाइमा रहेको पुनहिलको डाँडाको डिलतर्फ बसेर दृश्य अवलोकन गर्न मिल्ने आश्रयस्थलको तीन कोठे भवन निर्माण भएको हो।

पर्यटन मन्त्रालयबाट प्राप्त रु २७ लाख ५० हजार बजेटबाट ६० जना क्षमताको आश्रयस्थल बनाइएको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले बताउनुभयो। जमिनको सतहसँग मिल्ने गरी बनाइएको आश्रयस्थलको कोठाभित्र बसेर हिमाल, सूर्योदय र पहाडी भूगोलको दृश्य अवलोकन गर्न सकिन्छ। "झरी र हिउँ पर्दा सुरक्षित तरिकाले दृश्यावलोकन गर्ने व्यवस्था मिलाउन भूमिगत दृश्यावलोकन केन्द्रसहितको आश्रयस्थल बनाएका हौं", अध्यक्ष पुनले भन्नुभयो, "आश्रयस्थलमा बस्दा बाहिरको तुलनामा न्यानो पनि हुन्छ।" आश्रयस्थलको कोठाको बाहिरी भागमा सिसा राखिएको छ। सरकारले १०० पर्यटकीय गन्तव्यको सूचीमा राखेको पुनहिल भ्रमणमा आउने पर्यटकको सुविधाका लागि आश्रयस्थल बनाइएको हो। आश्रयस्थलको एउटा कोठामा चिया पसल सञ्चालन गर्ने योजना छ। अहिले पुनहिल टावर नजिकै टहरामा चिया पसल सञ्चालन भएको छ। चारैतिर गुराँसे जङ्गलको बीचमा रहेको पुनहिलबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि, माछापुच्छ्रे, मनास्लु, गुर्जा, पुथा, चुरेनलगायत २० हिमाल र सूर्योदयको अवलोकन गर्न सकिन्छ।

पुनहिल अन्नपूर्ण चक्रीय पदमार्गको मुख्य गन्तव्य पनि हो। वन्यजन्तु, पक्षी र १६ प्रजातिको लालीगुराँसको अवलोकन गर्न सकिन्छ। यसैगरी घोरेपानीदेखि पुनहिल जाने पदमार्गलाई रातको समयमा पनि उज्यालो बनाउन सौर्य बत्ती जडान भएको छ। प्रदेश सरकारबाट प्राप्त रु २५ लाख बजेटले २३ थान सोलार बत्ती जडान गरिएको घोडेपानी टोल सुधार समितिका अध्यक्ष वीरेन गर्बुजाले बताउनुभयो। "घोरेपानीदेखि पुनहिल जाने पदमार्गमा चौबिसै घण्टा उज्यालो हुने गरी स्वचालित सोलार बत्ती राखिएको छ", उहाँले भन्नुभयो, "सूर्यको प्रकाशले चार्ज हुने सोलार बत्ती रातिको समयमा आफैँ बल्ने बनाएका छौँ।" घोरेपानीमा बास बसेका पर्यटक एकाबिहानै सूर्योदय अवलोकन गर्न पुनहिल जाने गर्छन्। यसअघि अँध्यारोमा टर्च लाइट बालेर जाने गर्दथे। घोरेपानीदेखि पुनहिल पुग्न करिब ४५ मिनेट उकालो हिँड्नुपर्छ। यसअघि घोरेपानी होटल व्यवस्थापन समितिले पुनहिलसम्म ढुङ्गाको सिँढीसहितको पदमार्ग बनाएको थियो। घोरेपानी र पुनहिल भित्रिने मुख्य नाकामा चार वटा प्रवेशद्वार बनाइएको छ। यसैगरी घोरेपानीको नजिकै रहेको अर्को पर्यटकीयस्थल मोहरेडाँडामा सामुदायिक लज निर्माण भएको छ। रु २५ लाखको लागतमा दुई तले भवन बनाइएको अन्नपूर्ण धौलागिरि सामुदायिक पदमार्गका कोषाध्यक्ष रमन पुनले बताउनुभयो। तल्लो तलामा लज र माथिल्लो तलामा डाइनिङ हल बनाइएको छ। समुद्री सतहदेखि तीन हजार ३०० मिटर उचाइमा अवस्थित मोहरेडाँडाबाट पनि हिमाल, सूर्योदय, लालीगुराँसको जङ्गल र पहाडी भूगोलको दृश्यावलोकन गर्न सकिन्छ।

दलको सहमतिमै संसद् सञ्चालन गर्नुपर्छ : अध्यक्ष तिमिल्सिना

पोखरापत्र संवाददाता
पर्वत, २७ फागुन

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राजनीतिक दलको सहमतिमा संसद् सञ्चालन गर्नुपर्ने बताउनुभएको छ।

पर्वतको कुश्मा नगरपालिका-१२ ठुलीपोखरीमा आज १५ श्ययाको नगर अस्पताल शिलान्यास समारोहमा बोल्दै अध्यक्ष तिमिल्सिनाले फेरी पनि संसद् विघटन गर्नुपर्ने अवस्था सिर्जना हुन नदिनतर्फ राजनीतिक दल सचेत हुनुपर्ने बताउनुभयो। जनताले पाँच वर्षको लागि म्याण्डेट दिएको प्रतिनिधिसभा बीचमै विघटन गर्नु राम्रो पक्ष नभएको बताउँदै मुलुकको समृद्धिको निम्ती काम गरिरहेको सरकारलाई काम गर्न नदिएर संसद् विघटन गर्नुपर्ने बाध्यता बनाउने दललाई कारवाही गर्नुपर्ने बताउनुभयो। 'अब यो सरकारको म्याद दुई वर्ष रहेकाले आगामी चुनावसम्म संसद् विघटन गर्नुपर्ने अवस्था नआओस् मेरो कामना छ', अध्यक्ष तिमिल्सिनाले भन्नुभयो।

रिन्चेनको जन्मदिनको अवसरमा विद्यालयमा पोशाक वितरण

विनय पौडेल
पोखरा, २७ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित विजय आधारभूत विद्यालल आवसीयमा रहेका १२ जना विद्यार्थीहरुलाइ हालै पोशाक वितरण गरिएको छ।

वेलायत वस्ने रिन्चेन गुरुङले आफ्नो जन्मोत्सवको अवसरमा आफन्त मार्फत पोशाक वितरण गरिएको हो। आवसमा रहेका छात्र छात्रहरुलाइ ट्र्याक सुट, जुत्ता, मोजा र टि-सर्ट प्रदान गरिएको हो। त्यसैगरी अभितभा गुम्बामा बस्ने लामाहरुलाइ चामल तरकारी प्रदान गरिएको विद्यालयका पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं छात्रावास संरक्षक समितिका संयोकज तिलक गुरुङले वताए। सहयोगी हातहरुलाइ धन्यवाद दिँदै पूर्व अध्यक्ष गुरुङले सवैको सहयोगले संस्था चल्न सजिलो भएको भने। करिव ४० हजार रपैयाँ वरावरको सहयोग आएको उनेले भने।

कांग्रेसको एजेण्डा दक्ष जनशक्ति उत्पादन : नेता थापा

पोखरापत्र संवाददाता
बलेवा, २७ फागुन

नेपाली कांग्रेसका युवा नेता गगनकुमार थापाले कांग्रेसले देश विकासको लागि दक्ष जनशक्ति उत्पादनको एजेण्डा अघि सार्ने बताउनुभएको छ।

देशमा हुने हरेक विकास निर्माणमा स्वदेशी जनशक्तिको अभावका कारण विदेशमा भर पर्नुपर्ने अवस्था रहेको भन्दै उहाँले रेल चलाउने र पानी जहाज चलाउने सम्मको जनशक्ति स्वदेशमानै उत्पादन हुनुपर्नेमा जोड दिनुभयो। आज बागलुङ बजारमा नेपाल शिक्षक सङ्घ बागलुङको जिल्ला प्रतिनिधिसभा उद्घाटन गर्दै थापाले नेपालीले आफ्नो भनेर अपनत्व बोध नगर्ने बेलासम्म जस्तो सुकै विकास भए पनि समृद्धि प्राप्त नहुने बताउनुभयो।

उहाँले सर्वोच्चको फैसलापछि नेकपाका दुई पार्टीमा फर्किएका नेताहरुले जनताको माझमा माफी माग्न जानुपर्ने बताउनुभयो। "हिजो जनताले हामी एक भयौं, समृद्धि ल्याउँछौं भनेर मत दिएका हुन्" थापाले भन्नुभयो, "आफ्ना कारणले दुईतिर भएपछि जनताको मतको कदर नेकपाका नेताहरुले गर्नुपर्छ, जनताको बीचमा जानुपर्छ।"

लागत घटाउन कृषि यान्त्रिकीकरणमा जोड

पोखरापत्र संवाददाता
तनहूँ, २७ फागुन

लागत घटाउँदै उत्पादन बढाउन तनहुँका सरोकारवाला निकायले कृषि यान्त्रिकरणमा जोड दिएका छन्। परम्परागत रुपमा गरिँदै आएको कृषि व्यवसायमा लागत घटाउन कृषि ज्ञान केन्द्र, स्थानीय तहले कृषि यान्त्रिकरणमा जोड दिएका हुन्।

सोही बमोजिम ज्ञान केन्द्र तनहुँले जिल्लाका कृषकलाई अनुदानमा उपकरण वितरण गरेको छ। केन्द्रले आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकका कृषकलाई ९० प्रतिशत अनुदानमा उपकरण वितरण गरेको हो। मकै, भटमास तथा चैते धान कार्यक्रममार्फत मार्कीचोकका कृषकलाई रु आठ लाख सात हजार ५०० बराबरको कृषि उपकरणहरु हस्तान्तरण गरिएको केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो। त्यसमध्ये ९० प्रतिशतबापतको रु सात लाख २० हजार ४५० ज्ञान केन्द्रले अनुदान दिएको छ भने १० प्रतिशतबापतको रु ८० हजार ७५० कृषकले बेहोर्नुपर्नेछ।

केन्द्रले मार्कीचोकस्थित पारिजात ताजा तरकारी उत्पादन समूहलाई मकै छोडाउने मेसिन, मकै बीउ, विभिन्न प्रकारका विषादीलगायत वितरण गरेको छ। ज्ञान केन्द्रले ३५० रोपनीमा लगाउन ४३७ केजी मकै बीउ (सिपी जात), एक सय रोपनी लगाउनका लागि एक सय २५ केजी मकै बीउ (उन्नत जात), आठ मकै छोडाउने मेसिन, पाँच मकै बीउ रोप्ने मेसिन, दुई वटा धार गोड्ने मेसिन र १० थान स्प्रेयर लगायतका सामग्री वितरण गरेको छ।

YAMAHA
Revs Your Heart
JAPANESE INNOVATION
FALGUN 23 to 28
exchange & upgrade TO FI TECHNOLOGY
CARBURETOR छोडौं, FI चढौं
GUARANTEED ADDITIONAL RS.15,000/-
ON TOP OF MARKET VALUATION
-ANY BRAND, ANY CONDITION-
ADDITIONAL VALUATION APPLICABLE ON ALL MODELS
0% INTEREST RATE
EASY FINANCE
- 50% DOWN PAYMENT -
- 18 MONTHS EMI -
LOWEST DOWNPAYMENT
INCLUDING INSURANCE AND ALL OTHER CHARGES
RS. 49,900/-
*OFFER ON BS-VI SCOOTER MODELS
SURE-SHOT CASH DISCOUNT
RS. 7,000/-
+ FREE ACCESSORIES
*Conditions apply

नुवाकोट अटो सेल्स स्याङ्जा

फोनः ०६३–४२०३१६, ९८५६०५२२४४, ९८६६३५५५५०

हिमालय क्लव बाटुलेचौरले लहरे बालीका बिरुवा तिवरण

विनय पौडेल
पोखरा, २७ फागुन

हिमालय क्लव
लहरे बाली बिरुवा वितरण कार्यक्रम

हिमालय क्लव पोखरा १६, बाटुलेचौरले बिहीबार एक कार्यक्रमको आयोजना गरी क्लवका आजीवन सदस्यहरुलाई लहरे बालीका बिरुवा वितरण गरेको छ।

क्लवका सल्लाहकार तारप्रसाद तिमिल्सिनालाई लहरे बालीका बिरुवा प्रदान गरी क्लवका मानार्थ सदस्य एवं कृषि विज्ञ बेनीबहादुर बस्नेतले कार्यक्रमको सुभारम्भ गरेका थिए। कार्यक्रममा क्लवका दुइसय पचास जना आजीवन सदस्यहरुलाई आठसय बिरुवा वितरण गरिएको थियो।

क्लव कार्यसमितिका सदस्य एवं कार्यक्रम संयोजक पुष्पराज अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका अध्यक्ष मोहनबहादुर थापा, पोखरा महानगरपालिका वडा नं. १६ कृषि संजालका अध्यक्ष सुवास अधिकारी, क्लवका मानार्थ सदस्य बेनीबहादुर बस्नेत, सचिव प्रकाश थापा लगायतले मन्तव्य व्यक्त गरेका थिए।

गायिका बबिता बुढा 'वर्षा' को 'सुनको गजुर' सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले भाइरल हुने ध्याउन्नमा नलाग्न कलाकारलाई आग्रह गर्नुभएको छ।

लोक तथा दोहोरी गायिका बबिता बुढा "वर्षा"को नयाँ लोक सांगीतिक कोसेली "सुनको गजुर"को म्यूजिक भिडियो सार्वजनिकीकरण कार्यक्रममा बोल्दै मन्त्री गुरुङले पछिल्लो समय गलत कुराहरू सामाजिक सञ्जालमा भाइरल हुने गरेको बताउनुभयो । भाइरल हुने भन्दा पनि सही सिर्जना दर्शक, स्रोतामाझ ल्याउन आग्रह गर्दै उहाँले कलाकारको हितका लागि गण्डकी प्रदेश सरकारले ठोस कदम अघि सार्ने उल्लेख गर्नुभयो।

भूगोल सानो भएपनि लोकसंस्कृतिमा नेपाल धनी देश भएको बताउँदै मन्त्री गुरुङले अझ दोहोरी गीत गाउनु विश्वमै अनुपम संस्कृति भएको दाबी गर्नुभयो। एक अर्को प्रसंगमा उहाँले कलाकारलाई स्थायी लेखा नम्बर (पान) लिन आग्रह गर्दै आफ्नो सिर्जनालाई व्यक्तिगत बौद्धिक सम्पत्तिका रुपमा दर्ता गर्न आग्रह गर्नुभयो। गायन र सिर्जनाबापत प्राप्त हुने आम्दानीबाट कर तिर्ने गरेर व्यवस्थित गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले स्थायी लेखा नम्बर (पान) लिएर आफ्नो सिर्जनालाई सुरक्षित गर्न समेत कलाकारहरूलाई आग्रह गर्नुभयो। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशले आयोजना गरेको कार्यक्रममा गायिका बबिता बुढा "वर्षा"ले आफूले चौथो सांगीतिक कोसेलीका रुपमा "सुनको गजुर" सार्वजनिक गरेको बताउँदै विगतमा जस्तै दर्शक, स्रोताको माया पाउने विश्वास व्यक्त गर्नुभयो।

यस गीतमा गायिका बुढालाई गायक शनि विश्वकर्माले स्वरमा साथ दिनुभएको छ । त्यस्तै, शेर बहादुर गुरुङको निर्देशनमा बनेको म्यूजिक भिडियोमा विजय पुन र चन्द्रमा थापाले अभिनय गर्नुभएको छ। सो गीतमा कलाकारहरू गणेश गुरुङ, आश्रम गुरुङ, मीना श्रीस र विनिता सारूले समेत स्वरमा साथ दिनुभएको छ भने आश्रम गुरुङको लय तथा शब्द रहेको छ। फोनिज, गण्डकी प्रदेशका अध्यक्ष एमबी आस्था मगरको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव रूद्रबहादुर श्रीसमगरले पनि बोल्नुभएको थियो।

पुनहिलमा दृश्य अवलोकनस्थलसहितको आश्रयस्थल

पोखरापत्र संवाददाता
म्याग्दी, २७ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल पुनहिलमा दृश्य अवलोकनस्थलसहितको आश्रयस्थल निर्माण भएको छ। समुद्री सतहदेखि तीन हजार २१० मिटरको उचाइमा रहेको पुनहिलको डाँडाको डिलतर्फ बसेर दृश्य अवलोकन गर्न मिल्ने आश्रयस्थलको तीन कोठे भवन निर्माण भएको हो।

पर्यटन मन्त्रालयबाट प्राप्त रु २७ लाख ५० हजार बजेटबाट ६० जना क्षमताको आश्रयस्थल बनाइएको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले बताउनुभयो । जमिनको सतहसँग मिल्ने गरी बनाइएको आश्रयस्थलको कोठाभित्र बसेर हिमाल, सूर्योदय र पहाडी भूगोलको दृश्य अवलोकन गर्न सकिन्छ । "झरी र हिउँ पर्दा सुरक्षित तरिकाले दृश्यावलोकन गर्ने व्यवस्था मिलाउन भूमिगत दृश्यावलोकन केन्द्रसहितको आश्रयस्थल बनाएका हौँ", अध्यक्ष पुनले भन्नुभयो, "आश्रयस्थलमा बस्दा बाहिरको तुलनामा न्यानो पनि हुन्छ ।" आश्रयस्थलको कोठाको बाहिरी भागमा सिसा राखिएको छ। सरकारले १०० पर्यटकीय गन्तव्यको सूचीमा राखेको पुनहिल भ्रमणमा आउने पर्यटकको सुविधाका लागि आश्रयस्थल बनाइएको हो।

आश्रयस्थलको एउटा कोठामा चिया पसल सञ्चालन गर्ने योजना छ। अहिले पुनहिल टावर नजिकै टहरामा चिया पसल सञ्चालन भएको छ । चारैतिर गुराँसे जङ्गलको बीचमा रहेको पुनहिलबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि, माछापुच्छ्रे, मनास्लु, गुर्जा, पुथा, चुरेनलगायत २० हिमाल र सूर्योदयको अवलोकन गर्न सकिन्छ।

पुनहिल अन्नपूर्ण चक्रीय पदमार्गको मुख्य गन्तव्य पनि हो। वन्यजन्तु, पक्षी र १६ प्रजातिको लालीगुराँसको अवलोकन गर्न सकिन्छ । यसैगरी घोरेपानीदेखि पुनहिल जाने पदमार्गलाई रातको समयमा पनि उज्यालो बनाउन सौर्य बत्ती जडान भएको छ। प्रदेश सरकारबाट प्राप्त रु २५ लाख बजेटले २३ थान सोलार बत्ती जडान गरिएको घोडेपानी टोल सुधार समितिका अध्यक्ष वीरेन गर्बुजाले बताउनुभयो । "घोरेपानीदेखि पुनहिल जाने पदमार्गमा चौबिसै घण्टा उज्यालो हुने गरी स्वचालित सोलार बत्ती राखिएको छ", उहाँले भन्नुभयो, "सूर्यको प्रकाशले चार्ज हुने सोलार बत्ती रातिको समयमा आफैँ बल्ने बनाएका छौँ ।" घोरेपानीमा बास बसेका पर्यटक एकाबिहानै सूर्योदय अवलोकन गर्न पुनहिल जाने गर्छन्।

यसअघि अँध्यारोमा टर्च लाइट बालेर जाने गर्दथे। घोरेपानीदेखि पुनहिल पुग्न करिब ४५ मिनेट उकालो हिँड्नुपर्छ। यसअघि घोरेपानी होटल व्यवस्थापन समितिले पुनहिलसम्म ढुङ्गाको सिँढीसहितको पदमार्ग बनाएको थियो । घोरेपानी र पुनहिल भित्रिने मुख्य नाकामा चार वटा प्रवेशद्वार बनाइएको छ । यसैगरी घोरेपानीको नजिकै रहेको अर्को पर्यटकीयस्थल मोहरेडाँडामा सामुदायिक लज निर्माण भएको छ। रु २५ लाखको लागतमा दुई तले भवन बनाइएको अन्नपूर्ण धौलागिरि सामुदायिक पदमार्गका कोषाध्यक्ष रमन पुनले बताउनुभयो।

तल्लो तलामा लज र माथिल्लो तलामा डाइनिङ हल बनाइएको छ। समुद्री सतहदेखि तीन हजार ३०० मिटर उचाइमा अवस्थित मोहरेडाँडाबाट पनि हिमाल, सूर्योदय, लालीगुराँसको जङ्गल र पहाडी भूगोलको दृश्यावलोकन गर्न सकिन्छ।

उर्बर भूमि मासेर बस्ती विस्तार : कृषक निराश

पोखरापत्र संवाददाता
म्याग्दी, २७ फागुन

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटको उर्वर फाँटमा पक्की घर निर्माण गर्ने क्रम बढेसँगै खेतीयोग्य जमिन नासिँदै गएको छ।

जिल्लाको अन्न भण्डार र प्राङ्गारिक खेतीको गाउँका रूपमा परिचित बगरफाँटमा पछिल्लो केही समययता पक्की घर निर्माण हुने क्रम बढेसँगै उर्वर फाँट कङ्क्रिटको शहरमा परिणत हुने जोखिम बढ्दै गएपछि यहाँका किसान चिन्तित बनेका छन्। सदरमुकाम बेनी बजारसँगै जोडिएको र सबै किसिमका सुविधाको पहुँचमा रहेको गाउँ भएको हुनाले यहाँको उर्वर भूमिमा पछिल्लो समय पक्की घर निर्माण गर्ने क्रम बढ्दै जान थालेको हो । प्राङ्गारिक गाउँका रूपमा परिचित बगरफाँटमा अहिले सात वटा पक्की घर निर्माण भएका छन् । उपल्लो फाँट र तल्लोफाँट (पलाँसे क्षेत्र) गरी दुई भागमा बाँडिएको बगरफाँट जिल्लाकै अन्न भण्डार को रूपमा चिनिन्छ । जिल्लाका विभिन्न स्थानबाट बसाइँ सरेर बगरफाँटमा घडेरी किनी घर बनाएर बस्ने व्यक्तिका कारण उर्वर फाँट मासिँदै गएको स्थानीयवासीले बताएका छन्। सदरमुकाम बेनीबजारसँगै जोडिएको बगरफाँटमा बजारको तुलनामा घडेरी निकै सस्तोमा पाइने हुनाले पनि बेनी बजारमा भन्दा यहाँ घडेरी किनेर घर बनाउने आकर्षण बढेको हो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

भावपूर्ण श्रद्धाञ्जली

जन्मः
वि. सं. १९९४/११/१५ गते

स्वर्गारोहणः
वि. सं. २०७७/०९/१४ गते

स्वः धन कुमारी गुरुङ

कास्की जिल्ला, मादी गाउँपालिका वडा नं. ११ बरालडाँडा साविक घर भै, हाल पोखरा महानगरपालिका वडा नं.१२ लालीगुँरास टोल निवासी **धन कुमारी गुरुङ** को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको पितृकार्य (अर्घौ) को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं।

जुमप्रसाद गुरुङ
अध्यक्ष तथा
बरालडाँडा तमु समाज सेवा समिति परिवार
शितलादेवी-१२, पोखरा

मञ्जु गुरुङ
अध्यक्ष तथा
सम्पूर्ण बरालडाँडा चेलीबेटी परिवार
पोखरा